नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

# सहकारी विभागको

## सूचना

सहकारी संस्थाको माध्यमबाट सानो सानो पूँजी, श्रम र सीपको संयोजन गरी व्यवसायीक कार्य गरेर आर्थिक उन्नति गर्न सकिन्छ। सहकारी ऐन, २०४८ र नियमावली, २०४९ अनुसार स्थापित हुने सहकारी संस्थाहरूले बचत तथा ऋणको कारोबार आफ्नो शेयर सदस्यहरूसँग मात्र गर्न पाउने कानुनी व्यवस्था छ। संस्था सञ्चालनमा सबै शेयर सदस्यहरूको समान अधिकार र जिम्मेवारी हुन्छ। त्यसर्थ, आफू संलग्न भएको संस्थाको आर्थिक कारोबार र अन्य गतिविधिमा पूर्णरूपमा चासो लिई जानकारी राख्नु हुनका साथै संस्थाको गतिविधि र स्थिति राम्रोसँग बुझेर मात्र सदस्य बनी कारोबार गर्नुहुन तथा बढी व्याज पाउने आकर्षक विज्ञापनको भरमा मात्र कारोबार नगर्न हुन सम्बन्धित सबैमा अनुरोध गरिएको छ।